# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हरपुर, पर्सा
## मधेश प्रदेश, नेपाल
## (रोजगार सेवा केन्द्र)

मितिः-२०८१/११/०१ गते

सूचना! सूचना!! सूचना !!!

**बेरोजगार व्यक्तिहरु सूचीमा सूचीकृत हुन निवेदन दर्ता गर्ने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा श्रम,रोजगार तथा सामाजिक सूरक्षा मन्त्रालबाट प्राप्त सूचना अनुसार प्रत्येक नेपाली नगरिकलाई रोजगारीको हक प्रत्याभुति गराउन तोकिएको मापदण्ड पुरा गरेको नेपाली नागरिकले रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १८ बमोजिम १८ बर्ष देखी ५९ बर्षभित्रको बेरोजगार व्यक्तिहरु बेरोजगार सूचीमा सूचिकृत हुनका लागि यस नगरपालिका अन्तर्गत स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा स्वंयम् उपस्थित भई फागुन १ गते देखि फाल्गुन मसन्त भित्र आ.व. २०८२/०८३ को लागि अनुसूचि -१ बमोजिम विवरण उल्लेख गरी माग गरेको कागजात सहित आवेदकले आवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ साथै विस्तृत जानकारीको लागि वडा कार्यालय वा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नु होला ।बेरोजगार व्यक्ति सूचिकरण सम्बन्धि व्यवस्था/मापदण्ड तथा कागजात अपुग्ग भएमा सो आवेदन स्वतः रद्ध हुनेछ

**बेरोजगार व्यक्ति सूचिकरण सम्बन्धी व्यवस्था/मापदण्ड/आवश्यक कागजातहरुः-**

(क) १८ देखि ५९ बर्ष उमेर समूहको हुनु पर्ने,

(ख) निवेदन दिदाँको मितिसम्म सोही आर्थिक बर्षमा न्यूनतम एक सय दिनको रोजगारमा संलग्न नभएको हुनु पर्ने,

(ग) स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिंदाको मितिसम्म सोही आर्थिक बर्षमा न्युनतम एक सय दिनको रोजगार बापत प्राप्त गर्ने नेपाल सरकारको तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय ( चालु आर्थिक वर्षको सन्दर्भमा रु ६६८००/-) भन्दा कम आय भएको हुनु पर्ने,

(घ) आवेदकको नागरिताको फोटोकपि-१ प्रति

(ङ) आवेदकको पासपोर्ट साइज फोटो- १ प्रति

(च) बसाईसराईको फोटोकपि -१ प्रति ( स्थायी विवरण खुलाउन हकमा/अन्यत्रबाट नागरिकता जारी भएको खण्डमा)

(छ) विवाह दर्ताको फोटोकपि-१ प्रति (महिला आवेदकको स्थायी विवरण खुलाउन हकमा/नागरिकतामा स्थायी ठेगाना अन्यत्र उल्लेख भए)

(ज) अनुसूची -१ बमोजिम माग गरेको फारममा नाम,ठेगाना, घरपरिवारको सदस्य ना.प्र.स सहितको विवरण;सीप, आवेदक फोन न.तथा रोजगारीको अवस्था उल्लेख गरी सम्बन्धित वडा कार्यालयमा दर्ता गराउनु पर्ने।

**सुचीकरण प्रक्रियाः-**

(क) रितपूर्वक प्राप्त आवेदनलाई वडा कार्यालयले छानविन गरी बेरोजगार ठहर हुने सबै मापदण्ड पुरा गरेको प्रमाणित गर्नु पर्ने ।

(ख) प्राप्त प्रमाणित निबेदनलाई स्थानीय निर्देशक समितिले थप छानविन गरी बेरोजगार व्यक्तिको अन्तिम सूचि गाँउ पालिका/नगर कार्यापालिका स्वीकृतिको लागि सिफारिस गर्नु पर्ने ।

(ग) कार्यापालिकाले आवश्यक भए थप परिमार्जन समेत गरी बेरोजगार व्यक्तिको अन्तिम सूची स्वीकृत गर्नु पर्ने ।

(घ) स्थानीय तहले बेरोजगार व्यक्तिको व्यक्तिगत विवरण प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार व्यवस्थापन सूचना (EMIS) प्रणालीमा प्रविष्टि गरे पछि मात्र बेरोजगार व्यवस्थापन सूचना प्रणालीसँग भिडाई आधिकारीक विवरण प्राथमिकतासाथ अन्तिम सूची निर्धारण गर्ने।

.............................

नि. प्रमुख प्रशासकीय अधिकृत

"न्यूनतम रोजगार – नागरिकको अधिकार"

प्रमुख प्रशासकीय अधिकृत